"शिक्षा, कृषि, पर्यटन र पुर्वाधार: समृद्ध छथर निर्माणको आधार"

छथर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

१ नं. प्रदेश नेपाल

प.सं. :- २०७५।७६

सूचना नं. ४/०७५/७६                प्रथम पटक प्रकाशित मिति: २०७५/०५/०८

**विषय : साप्ताहिक हाटबजार कर ( बहाल विटौरी शुल्क ) र पटके सवारी कर असुल उपर गर्ने सम्बन्धी सुचना ।**

यस छथर गाउँपालिकाको आर्थिक ऐन २०७५ मा भएको व्यवस्था बमोजिम यस छथर गाउँपालिका क्षेत्रभित्र साप्ताहिक/पाक्षिक रुपमा लाग्ने हाटबजार( शुक्रबारे बजार, शनिश्चरे बजार र ओखे (विहिवारे) बजार ) मा पसल थापि सामान विक्री गर्ने, तथा घरायसी उत्पादन विक्री गर्ने विक्रेताहरुबाट तोकिए बमोजिमको कर ( बहाल विटौरी शुल्क ) असुल उपर गर्न तथा यस गाउँपालिका क्षेत्र बाहिर दर्ता भई सञ्चालन हुने सवारी साधन यस गाउँपालिका क्षेत्रभित्र प्रबेश गर्दा सवारी साधनबाट पटके सवारी साधन कर संकलन गर्न इच्छुक व्यक्ति, फर्म तथा कम्पनीलाई यो सुचना प्रकासन भएको मितिले १५ दिन भित्र देहाय बमोजिमका शर्तहरुका अधिनमा रहि गोप्य सिलबन्दी पत्र पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१) कर दस्तुर विवरण छथर गाउँपालिका, तेह्रथुमबाट निर्धारित हटियाकर उठाउनु पर्नेछ । कर दस्तुर विवरण यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्र दाताले शिलवन्दी दरभाउपत्र खामको बाहिरीपट्टी ठेक्काको नाम प्रष्ट बुझिने गरी श्री छथर गाउँ कार्यपालिकाको कार्यालय, तेह्रथुम भनि उल्लेख गरेको हुनु पर्नेछ ।

३) दरभाउपत्र फाराम भर्दा बोल कवोल गरेको अंक र अक्षरमा दुवैमा प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४) सिलबन्दी पत्र पेश गर्दा पेश गर्नेको नाम, थर ठेगाना, नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि तथा फर्म वा कम्पनी भए सोको दर्ता प्रमाण पत्र र नविकरण भएको कागजातको प्रतिलिपि सहित हाटबजार कर र पटके सवारी कर सम्बन्धी अलग अलग प्रस्ताव गोप्य रुपमा खाम बन्दी गरी पेश गर्नु पर्नेछ ।

५) रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६) शिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय २०७५।०५।२३ गते दिनको १२.०० बजे सम्म रहने छ र सोही दिनको १.०० बजे नियमानुसार खोली सबैभन्दा बढी अंक कवोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिने छ । यदी सो मितिमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुल्ने दिनमा सोहि समयमा सिलबन्दी खोलिनेछ ।

७) ठेक्का स्वीकृत भएपछि सम्झौताका बखत ठेक्कावालाले ठेक्काको रकम एकमुष्ट वा तोकिएको दरमा किस्तावन्दी दाखिला गर्ने गरी सम्झौता गर्न सकिनेछ ।

८) एकजना व्यक्ति वा फर्मले माथि उल्लेखित एक वा तीनवटै स्थानमा लाग्ने हाटबजारबाट कर संकलन गर्न सक्ने गरी प्रस्ताव पेश गर्न सक्नेछ । यसरी प्रस्ताव पेश गर्दा तीनवटा हाटबजारको छुट्टाछुट्टै सिलबन्दी पत्र पेश गर्नु पर्नेछ ।

सूर्य बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

९) तोकिएको म्यादभित्र पेश हुन आएका शिलबन्दी पत्रहरुको मुल्याँकन गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएको मुल्यांकन समितिबाट गरिनेछ ।

१०). मुल्याकन समितिबाट भएको मुल्याकनको आधारमा सबै भन्दा बढी रकम कवोल गरी बुझाउने व्यक्ती वा फर्मलाई कर संकलन गर्न अख्तियारी सहित सम्झौता गरिनेछ ।

११). माथि उल्लेखित स्थानहरु मध्ये बार्षिक रुपमा गाउँपालिकालाई बुझाउनु पर्ने न्यूनतम रकम शुक्रबारे बजारमा पाक्षिक रुपमा लाग्ने हाटबजार बाट रु ३०,०००।०० (अक्षरेपी तीस हजार रुपैया) शनिश्चरे साप्ताहिक रुपमा लाग्ने हाटवजारबाट रु १५,०००।०० (अक्षरेपी पन्ध्र हजार रुपैया) र ओखेमा लाग्ने विहीवारे हाटबजारमा रु १२,०००।०० (अक्षरेपी बाह्र हजार रुपैया) कायम गरिएको छ ।

१२) माथि उल्लेखित न्यूनतम रकमलाई आधार मानि सो भन्दा बढी रकम कवोल गर्ने प्रस्तावदाता मध्ये सबै भन्दा बढी रकम कबोल गर्ने प्रस्तावदातालाई कर संकलन गर्न छनौट गरी सम्झौता गरिनेछ ।

१३) पटके सवारी करको सम्वन्धमा यस गाउँपालिका क्षेत्र बाहिर दर्ता भई सञ्चालनमा रहेका सवारी साधन हरु यस गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्दा वा बाहिर जादा दैनिक एकपटक मात्र तोकिएको दर रेट बमोजिम संकलन गर्नु पर्ने छ ।

१४) पटके सवारी साधन करको न्यनतम बार्षिक रकम रु ३०,०००।०० (अक्षरेपी तीस हजार रुपैया) कायम गरिएको छ । सो न्यनतम रकम भन्दा बढी रकम कबोल गर्ने प्रस्ताव दाता मध्ये सबै भन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाता लाई मुल्याकन समितिको सिफारिस अनुसार छनौट गरिने छ ।

१५) माथि उल्लेखित दुवै प्रकारका कर संकलन गर्न इच्छुक व्यक्ति वा फर्महरुले कार्यालयले तोकेको दरखास्त फारम भरी प्रस्ताव पेश गर्नु पर्ने छ । उक्त दरखास्त फारम रु ३००।०० दस्तर तिरी कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१६) दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार छथर गाउँ कार्यपालिकाको कार्यालय, तेह्रथुममा निहित रहनेछ । अन्य कुराहरु बुझ्न परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

(सूर्यबहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत